# नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं

**खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०७९/०५/३१ गते)**

नेपाल विद्युत प्राधिकरणको देहाय बमोजिमका पदहरु **लोक सेवा आयोगद्वारा** लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपशीलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आव्हान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उमेदवारहरुले नेपाल विद्युत प्राधिकरणको वेभसाइट www.nea.org.np मा गई online application मार्फत् आवेदन दिनुपर्नेछ ।

**१) अधिकृत स्तरः**

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदसंख्या | खुला/ समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०७९।८०प्र.१०/१ | सह निर्देशक | १० | प्रशासन | लेखा | – | १ | महिला–१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव वा सि.ए. उत्तीर्ण र अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७९।८० प्रा.१०/२ | प्रवन्धक | १० | प्राविधिक | इलेक्ट्रिकल | – | १ | मधेशी–१ | इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७९।८० प्रा.१०/३ | प्रवन्धक | १० | प्राविधिक | मेकानिकल | – | १ | खुला–१ | मेकानिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७९।८० प्रा.१०/४ | प्रवन्धक | १० | प्राविधिक | सिभिल | सिभिल | १ | महिला–१ | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७९।८० प्र.९/५ | उप निर्देशक | ९ | प्रशासन | प्रशासन | प्रशासन | १ | खुला–१ | स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७९।८० प्रा.९/६ | उप प्रवन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | दलित–१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७९।८० प्रा.९/७ | उप प्रवन्धक | ९ | प्राविधिक | मेकानिकल | – | १ | महिला–१ | मेकानिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७९।८० प्र.८/८ | चार्टर्ड एकाउण्टेण्ट | ८ | प्रशासन | लेखा | चार्टर्ड एकाउण्टेन्सी | १ | खुला–१ | सि.ए. उत्तीर्ण गरी नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७९।८० प्रा.८/९ | सहायक प्रवन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | ३ | खुला–१<br>मधेशी–१<br>दलित–१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.८/१० | सहायक प्रवन्धक | ८ | प्राविधिक | सिभिल | सिभिल | १ | खुला-१ | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७९।८० प्र.७/११ | प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | १० | खुला-५, महिला-१, आ.ज-१, मधेशी-२, दलित-१ | स्नातकोत्तर तह उत्तीर्ण |
| २०७९।८० प्र.७/१२ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | | १० | खुला-६, महिला-२, आ.ज.-१, मधेशी-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७९।८० प्र.७/१३ | कानून अधिकृत | ७ | प्रशासन | प्रशासन | कानून | १ | महिला-१ | कानूनमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७९।८० प्र.७/१४ | अर्थशास्त्री | ७ | प्रशासन | विविध | अर्थशास्त्र | १ | आ.ज.-१ | अर्थशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७९।८० प्र.७/१५ | तथ्याङ्कशास्त्री | ७ | प्रशासन | विविध | तथ्याङ्कशास्त्र | १ | महिला-१ | तथ्याङ्कशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/१६ | इन्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १७ | खुला-९, महिला-३, आ.ज-२, मधेसी-२, दलित-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/१७ | इन्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रोनिक्स | १ | खुला-१ | इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/१८ | इन्जिनियर | ७ | प्राविधिक | मेकानिकल | | ४ | खुला-२, आ.ज.-१, अपाङ्ग-१ | मेकानिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/१९ | इन्जिनियर | ७ | प्राविधिक | सिभिल | सिभिल | १० | खुला-५, महिला-१, आ.ज.-१, मधेशी-१, दलित-१, अपाङ्ग-१ | सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/२० | सर्भे इन्जिनियर | ७ | प्राविधिक | सिभिल | सर्भे | ४ | महिला-१, आ.ज.-१, मधेशी-१, अपाङ्ग-१ | सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/२१ | इन्जिनियर | ७ | प्राविधिक | कम्प्युटर इन्जिनियरीङ्ग | | २ | महिला-१ अपाङ्ग-१ | कम्प्युटर इन्जिनियरीङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/२२ | जियोलजिष्ट | ७ | प्राविधिक | विविध | जियोलजी | २ | खुला-१ दलित-१ | जियोलजी वा जियोफिजिक्समा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७९।८० प्रा.७/२३ | वातावरणविद | ७ | प्राविधिक | विविध | वातावरण | १ | खुला-१ | वातावरण वा पर्यावरण वा वन विज्ञान वा जीव विज्ञान वा प्राणी विज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण |

२) सहायकस्तर :

क) पदः मिटररिडिङ्ग सुपरभाईजर, तह : ५, सेवा : प्रशासन, समूहः प्रशासन, उपसमूहः प्रशासन

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्र.५/१०१ | विराटनगर | ५ | २ | १ | १ | १ | - | - | - | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७९।८० प्र.५/२०१ | जनकपुर | १० | ५ | २ | १ | १ | - | - | १ | |
| २०७९।८० प्र.५/४०१ | काठमाडौं | ८ | ४ | १ | १ | १ | - | १ | - | |
| २०७९।८० प्र.५/५०१ | पोखरा | ४ | २ | १ | - | १ | - | - | - | |
| २०७९।८० प्र.५/६०१ | बुटवल | ७ | ४ | - | १ | १ | - | - | १ | |
| २०७९।८० प्र.५/८०१ | अत्तरिया | ३ | १ | १ | १ | - | - | - | - | |
| २०७९।८० प्र.५/९०१ | सुर्खेत | २ | १ | - | - | १ | - | - | - | |

ख) पदः लेखापाल, तहः ५, सेवाः प्रशासन, समूहः लेखा, उपसमूहः

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्र.५/१०२ | विराटनगर | ६ | २ | १ | - | १ | १ | - | १ | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७९।८० प्र.५/२०२ | जनकपुर | ५ | २ | १ | - | - | १ | १ | - | |
| २०७९।८० प्र.५/४०२ | काठमाडौं | ५ | २ | - | १ | - | १ | १ | - | |
| २०७९।८० प्र.५/५०२ | पोखरा | ५ | २ | - | १ | २ | - | - | - | |
| २०७९।८० प्र.५/६०२ | बुटवल | ८ | ४ | १ | १ | - | १ | १ | - | |
| २०७९।८० प्र.५/८०२ | अत्तरिया | ४ | १ | - | २ | १ | - | - | - | |
| २०७९।८० प्र.५/९०२ | सुर्खेत | २ | १ | - | - | १ | - | - | - | |

ग) पदः सुपरभाईजर, तह : ५, सेवा : प्राविधिक, समूह : ईलेक्ट्रिकल, उपसमूहः ईलेक्ट्रिकल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.५/१०३ | विराटनगर | ११ | ५ | ३ | १ | १ | १ | - | - | ईलेक्ट्रिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.५/२०३ | जनकपुर | ५ | ३ | - | १ | - | - | १ | - | |
| २०७९।८० प्रा.५/४०३ | काठमाडौं | १९ | १० | ३ | ३ | १ | १ | १ | - | |
| २०७९।८० प्रा.५/५०३ | पोखरा | ९ | ५ | - | १ | १ | - | १ | १ | |
| २०७९।८० प्रा.५/६०३ | बुटवल | १० | ५ | १ | २ | १ | - | - | १ | |
| २०७९।८० प्रा.५/८०३ | अत्तरिया | ३ | २ | - | - | - | - | - | १ | |
| २०७९।८० प्रा.५/९०३ | सुर्खेत | ३ | १ | १ | १ | - | - | - | - | |

घ) पदः सुपरभाईजर, तह : ५, सेवा : प्राविधिक, समूहः मेकानिकल, उपसमूहः

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.५/१०४ | विराटनगर | १ | १ | - | - | - | - | - | - | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.५/४०४ | काठमाडौं | ३ | २ | - | - | - | - | १ | - | |
| २०७९।८० प्रा.५/५०४ | पोखरा | २ | १ | - | - | १ | - | - | - | |
| २०७९।८० प्रा.५/८०४ | अत्तरिया | १ | १ | - | - | - | - | - | - | |

**ङ) पदः सुपरभाईजर,** तह : ५, सेवा : प्राविधिक, समूहः सिभिल, उपसमूहः सिभिल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.५/४०६ | काठमाडौं | ४ | ३ | – | १ | – | – | – | – | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.५/५०६ | पोखरा | १ | १ | – | – | – | – | – | – | |

**च) पदः ड्राफ्टमेन,** तह : ५, सेवा : प्राविधिक, समूहः सिभिल, उपसमूहः सिभिल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.५/४०७ | काठमाडौं | १ | – | १ | – | – | – | – | – | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परीक्षण उत्तीर्ण |

**छ) पदः सिनियर मिटर रिडर,** तह : ४, सेवा : प्रशासन, समूहः प्रशासन, उपसमूहः प्रशासन

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्र.४/१०८ | विराटनगर | १० | ६ | १ | १ | १ | १ | – | – | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७९।८० प्र.४/२०८ | जनकपुर | ८ | ५ | १ | १ | – | १ | – | – | |
| २०७९।८० प्र.४/४०८ | काठमाडौं | १० | ६ | १ | १ | १ | १ | – | – | |
| २०७९।८० प्र.४/५०८ | पोखरा | ८ | ४ | १ | १ | १ | १ | – | – | |
| २०७९।८० प्र.४/६०८ | बुटवल | १२ | ६ | २ | २ | १ | – | – | १ | |
| २०७९।८० प्र.४/८०८ | अत्तरिया | ६ | ३ | १ | – | १ | – | १ | – | |
| २०७९।८० प्र.४/९०८ | सुर्खेत | ४ | २ | – | – | १ | १ | – | – | |

**ज) पदः सहायक लेखापाल,** तह : ४, सेवा : प्रशासन, समूहः लेखा, उपसमूहः

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्र.४/१०९ | विराटनगर | १४ | ५ | २ | ४ | ३ | – | – | – | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७९।८० प्र.४/२०९ | जनकपुर | १२ | ५ | २ | २ | १ | – | १ | १ | |
| २०७९।८० प्र.४/४०९ | काठमाडौं | ९ | ४ | २ | १ | – | – | २ | – | |
| २०७९।८० प्र.४/५०९ | पोखरा | ४ | २ | १ | – | १ | – | – | – | |
| २०७९।८० प्र.४/६०९ | बुटवल | १२ | ७ | २ | १ | १ | १ | – | – | |
| २०७९।८० प्र.४/८०९ | अत्तरिया | ७ | ३ | २ | १ | १ | – | – | – | |
| २०७९।८० प्र.४/९०९ | सुर्खेत | ५ | ३ | – | – | १ | १ | – | – | |

**झ) पदः फोरमेन** तह : ४, सेवा : प्राविधिक, समूहः ईलेक्ट्रिकल, उपसमूहः ईलेक्ट्रिकल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.४/११० | विराटनगर | ९ | ५ | २ | १ | – | १ | – | – | ईलेक्ट्रिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह दुईको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.४/२१० | जनकपुर | ६ | ३ | १ | १ | – | – | – | १ | |
| २०७९।८० प्रा.४/४१० | काठमाडौं | १४ | ७ | ३ | २ | १ | १ | – | – | |
| २०७९।८० प्रा.४/५१० | पोखरा | ९ | ५ | १ | १ | १ | – | – | १ | |
| २०७९।८० प्रा.४/६१० | बुटवल | १३ | ८ | १ | २ | १ | १ | – | – | |
| २०७९।८० प्रा.४/८१० | अत्तरिया | १० | ५ | २ | १ | १ | – | १ | – | |
| २०७९।८० प्रा.४/९१० | सुर्खेत | ८ | ४ | २ | १ | १ | – | – | – | |

**ञ) पदः फोरमेन,** तह : ४, सेवाः प्राविधिक, समूहः मेकानिकल उपसमूहः

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.४/१११ | विराटनगर | २ | १ | - | १ | - | - | - | - | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह दुईको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.४/४११ | काठमाडौं | ६ | २ | २ | १ | १ | - | - | - | |
| २०७९।८० प्रा.४/५११ | पोखरा | ६ | ३ | १ | १ | - | १ | - | - | |

**ट) पदः फोरमेन,** तह : ४, सेवा : प्राविधिक, समूहः सिभिल, उपसमूहः सिभिल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.४/४१२ | काठमाडौं | ५ | २ | २ | - | - | १ | - | - | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह दुईको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.४/५१२ | पोखरा | १ | १ | - | - | - | - | - | - | |

**ठ) पदः ईलेक्ट्रिसियन** तह : ३, सेवा : प्राविधिक, समूहः ईलेक्ट्रिकल, उपसमूहः ईलेक्ट्रिकल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.३/११३ | विराटनगर | १४ | ७ | २ | २ | २ | १ | - | - | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि.प्लस ग्रेड ल्याई उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह एकको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.३/२१३ | जनकपुर | १२ | ६ | २ | २ | १ | १ | - | - | |
| २०७९।८० प्रा.३/४१३ | काठमाडौं | १२ | ६ | २ | २ | १ | १ | - | - | |
| २०७९।८० प्रा.३/५१३ | पोखरा | १० | ६ | १ | १ | १ | - | १ | - | |
| २०७९।८० प्रा.३/६१३ | बुटवल | १५ | ८ | २ | २ | २ | - | १ | - | |
| २०७९।८० प्रा.३/८१३ | अत्तरिया | १० | ६ | १ | २ | - | १ | - | - | |
| २०७९।८० प्रा.३/९१३ | सुर्खेत | ८ | ४ | २ | १ | १ | - | - | - | |

**ड) पदः जुनियर मिस्त्री** तह : ३, सेवा : प्राविधिक, समूहः मेकानिकल उपसमूहः

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.३/११४ | विराटनगर | १ | १ | - | - | - | - | - | - | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि प्लस ग्रेड ल्याई उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह एकको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.३/४१४ | काठमाडौं | ३ | २ | १ | - | - | - | - | - | |
| २०७९।८० प्रा.३/५१४ | पोखरा | २ | १ | - | - | १ | - | - | - | |

**ढ) पदः जुनियर टेक्निसियन** तह : ३, सेवा : प्राविधिक, समूहः सिभिल उपसमूहः सिभिल

| विज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० प्रा.३/४१५ | काठमाडौ | १ | - | १ | - | - | - | - | - | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि प्लस ग्रेड ल्याई उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह एकको** सीप परीक्षण उत्तीर्ण |
| २०७९।८० प्रा.३/५१५ | पोखरा | १ | १ | - | - | - | - | - | - | |

**नोटः**

१) **परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ता ।

२) **पाठ्यक्रमः** विज्ञापित पदहरुको पाठ्यक्रम प्राधिकरणको Website (www.nea.org.np) बाट प्राप्त गर्न सकिनेछ ।

३) **परीक्षा दस्तुरः**

**अधिकृतस्तरः** तह १० को लागि रु. २०००।-, तह ९ को लागि रु. १६००।-, तह ८ को लागि रु. १४००।-, तह ७ को लागि रु. १२००।- लाग्नेछ भने एक उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह ८ देखि १० को प्रत्येक समूहको लागि थप रु. ५००।-, तह ७ को प्रत्येक समूहको लागि रु. ४००।-थप दस्तुर लाग्नेछ ।

**सहायकस्तरः** तह ५ को लागि रु. ८००।-, तह ४ को लागि रु.७००।- र तह ३ को लागि रु. ६००।- लाग्नेछ भने एक उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह ५ को प्रत्येक समूहको लागि थप रु.३००।-, तह ४ र ३ को प्रत्येक समूहको लागि रु. २००।- थप दस्तुर लाग्नेछ ।

४) **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्ममा, **अधिकृतस्तरः** तह ७ को पदमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका उमेदवारको हकमा ४० वर्ष ननाघेको । तह ८ वा सो भन्दा माथिको पदको लागि ४० वर्ष उमेर ननाघेको । **सहायक स्तरः** तह ३, ४ र ५ का पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । तर, प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

५) नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (संशोधन सहित) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

६) **तह ८, ९ र १० का पदमा उमेदवार हुन निम्नानुसारको कार्य अनुभव हुनुपर्नेछः**

देहाय बमोजिमको निकायमा रही सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछः- (क) निजामती तथा अन्य सरकारी निकाय, (ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था, (ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति, (घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय, (ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय, (च) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु, (छ) विश्वविद्यालयका आङ्गिक क्याम्पस, (ज) सामूदायिक विद्यालय ।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिसमेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन ।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
- प्रति हप्ता ४० घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन ।
- एउटै निकायमा कम्तीमा ६ महिना वा सो भन्दा बढी काम गरेको अवधि मात्र कार्यअनुभवमा गणना गरिनेछ ।
- नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन ।

७) **दरखास्त दिने अन्तिम मितिः २०७९/०६/२० सम्म र दोब्बर दस्तुर तिरी २०७९/०६/२७ सम्म ।**

८) **तलव, सुविधा र सेवा शर्तः** नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (संशोधन सहित) र प्राधिकरणको अन्य नियमानुसार ।

९) **कार्य गर्नुपर्ने स्थानः** अधिकृतस्तरका पदहरुको लागि नेपाल राज्यभर । सहायकस्तरका पदहरुको लागि आवेदन फाराम बुझाउने प्रादेशिक कार्यालय अन्तर्गतका प्राधिकरणका विभिन्न कार्यालयहरु । कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधन सहित) अनुसार प्रादेशिक स्तरको विज्ञापनबाट छनौट भई नियुक्त हुने कर्मचारीलाई ७ (सात) वर्षसम्म सो क्षेत्र भित्रका कार्यालय बाहेक अन्यत्र सरुवा गरिने छैन । तर महिला र अपाङ्गता भएका कर्मचारीको हकमा ५ (पाँच) वर्ष पूरा भएपछि अन्य प्रादेशिक कार्यालयमा सरुवा गर्न सकिनेछ ।

१०) **पदले गर्नु पर्ने कामः** सम्बन्धित सेवा, समूह र उपसमूहले गर्नुपर्ने कार्यहरु ।

११) **परीक्षणकालको अवधिः** १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र ।

१२) **सहायकस्तरका पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सम्बन्धित प्रादेशिक क्षेत्रमा हुनेछ** र सबै क्षेत्रको एउटै पदको लिखित परीक्षा एकै दिन पनि सञ्चालन हुन सक्नेछ ।

१३) लिखित परीक्षाको लागि सम्पर्क मितिः २०७९/०९/०३ गते ।

१४) विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१५) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१६) समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न बमोजिमका कागजातहरु समेत अनिवार्य रुपमा दरखास्तसाथ अपलोड पेश गर्नु पर्नेछः

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्र ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्र ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि वा नेपाल सरकारको निर्णयानुसार सम्बन्धित वडा कार्यालयबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) अपाङ्गता भएकाहरुको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा वा सम्बन्धित नगरपालिका वा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको आधारमा वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको कागजातको प्रमाणित प्रतिलिपि ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडी सम्मको सिफारिश-पत्रको प्रतिलिपि ।

१७) अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरी सक्नुपर्नेछ ।

१८) <u>अनलाइन प्रणालीबाट दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरु :</u>

**(क) अपलोड गर्नुपर्ने कागजातहरु :** उमेदवारहरुले दुवै कान देखिने पासपोर्ट साइजको फोटो, दस्तखत, नागरिकताको प्रमाणपत्र तथा समावेशी समूहको हकमा समावेशी प्रमाणपत्र, शैक्षिक योग्यता (न्यूनतम शैक्षिक योग्यताको मात्र), तालिम, अनुभव, चारित्रिक प्रमाणपत्र, विदेशी शिक्षण संस्थावाट जारी भएको प्रमाणपत्र पेश गर्ने उमेदवारहरुको हकमा समकक्षता तथा अधिकृतस्तरका चार्टर्ड एकाउण्टेण्ट, इन्जिनियर (इलेक्ट्रिकल, मेकानिकल, सिभिल, सर्भे, कम्प्युटर आदि) जस्ता पदका लागि सम्बन्धित व्यावसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र तथा सम्बन्धित विज्ञापनमा तोकिएका अन्य कागजपत्रहरु अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गनुपर्नेछ ।

**(ख) <u>अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्ने तरिका/विधि :</u>**

- प्राधिकरणको वेभसाइट www.nea.org.np भित्र online application menu को Open menu मा Click गरेपश्चात् देखिने Screen मा Window को Top Right Corner को New Registration मा Click गर्नुपर्ने छ ।
- उमेदवारले New Registration मा आफनो आधिकारीक Email ID राखी सोमा उल्लेख भएका सम्पुर्ण विवरणहरु भर्नुपर्नेछ । यसरी विवरणहरु भरिसकेपछि फाराको अन्त्यमा रहेको Register Button मा Click गर्नु पर्नेछ ।
- यसरी Register Button मा Click गरेपश्चात उम्मेदवारले राखेको Email Adress मा प्रप्त हुने Verify Your email Addresss Button मा Click गरी Type a New password मा Click गरी आफुले सम्झन सजिलो हुने गरी Password राख्न सकिनेछ ।
- यसरी प्राप्त गरेको Email Address/Login ID र Password को प्रयोग गरी Login your Account बाट उम्मेदवारले Login गरी दरखास्त फाराम भर्न सक्नेछन् ।

  (**द्रष्टव्यः** दरखास्त पेश गर्दाको समय देखी प्रवेशपत्र प्रिन्ट नहुँदासम्म अथवा पछि पनि सोही Email address/Login ID र Password प्रयोग गर्नुपर्ने भएकोले उमेद्वारहरुले सो Email address/Login ID र Password लाई अत्यन्तै सुरक्षित र स्मरणमा राख्नुपर्नेछ)

  User ID बनाई Log in गरे पश्चात् फाराम भर्ने तरीका र परीक्षा दस्तुर बुझाउने विधि सम्वन्धि विस्तृत विवरण नेपाल विद्युत प्राधिकरणको वेभसाइट WWW.nea.org.np मा राखिएको छ ।

(ग) <u>परीक्षा दस्तुर बुझाउने तरिका :</u>

उम्मेदवारले सम्पूर्ण विवरण भरी सकेपछि शुल्क भुक्तानी Tab मा Click गर्नुपर्नेछ । शुल्क भुक्तानीमा Click गरेपश्चात् आफुले आवेदन गर्न चाहेको खुला तथा समावेशी समूहमध्ये कुनै एक वा दुवैमा Tick(√) लगाई Payment Tab मा देखिने Payment Wallet हरु मध्ये कुनै एक भुक्तानी सेवा प्रदायकबाट तोकिएबमोजिमको परीक्षा दस्तुर बुझाउन सक्नेछन् ।

साथै, प्राधिकरणको वेभसाइट www.nea.org.np बाट Login गरी Online application भर्न कठिनाई पर्न गएमा उमेद्वारहरुले तपशिल बमोजिमको Link को प्रयोग गरी सोझै अनलाइन फाराम भर्न सक्नेछन् ।

<u>खुलातर्फको विज्ञापनका लागि :</u> **https://neaopen.rigoerp.com**

<u>बढुवातर्फको विज्ञापनका लागि :</u> **https://neapromotion.rigoerp.com**

**<u>पुनश्चः</u>** प्राधिकरणबाट मिति २०७८।०५।१८ मा प्रकाशित खुलातर्फको विज्ञापनमा अनलाइन प्रणाली मार्फत् दरखास्त दिने उमेद्वारहरुले समेत अनिवार्य रुपमा नयाँ User ID बनाई अनलाईन मार्फत् आवेदन दिनुपर्ने छ । अनलाइन दरखास्त प्रणाली सम्बन्धमा थप कुनै जिज्ञासा/समस्या भएमा निम्न नम्बरमा समेत सम्पर्क गर्न सकिनेछ ।

पदपूर्ति विभाग : ०१-४१५३०४८, ९८४९४४३८५४

सदस्य सचिव
पदपूर्ति समिति